प्रस्तावहरु:

१. प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई आएका कर्मचारीहरुको नियुक्ति तथा पदस्थापन सम्बन्धमा।
२. स्वास्थ्यचौकीहरुको भवन माग सम्बन्धमा।
३. योजनाको ठेगाना संशोधन सम्बन्धमा।

निर्णयहरु:

निर्णय नं. १: प्रस्ताव नं. १ मा छलफल गर्दा प्रदेश लोक सेवा आयोग कर्णाली प्रदेश, सुर्खेतको प. सं. २०८१/०८२, च. नं. १९६ र मिति २०८१।०७।२३ गतेको प्राप्त पत्र बमोजिम विज्ञापन नं. ५३१/०७९-८० (खुला), कृषि सेवा, एकीकृत समूह, सतौं तह, कृषि अधिकृत पद सिफारिस भई आउनु भएका तुल्सी थापाले नियुक्त तथा पदस्थापनका लागि यस गाउँपालिकामा दिनु भएको निवेदन अनुसार कर्णाली प्रदेश स्थानीय सेवाको (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५ को उपदफा १ बमोजिम निजलाई यस गाउँपालिका अन्तर्गत कृषि सेवा, एकीकृत समूह, सतौं तह, कृषि अधिकृत पदमा नियुक्ति दिई पदस्थापन समेत गर्ने साथै प्रदेश लोक सेवा आयोग कर्णाली प्रदेश, सुर्खेतको प. सं. २०८१/०८२, च. नं. १२८ र मिति २०८१।०७।२३ गतेको प्राप्त पत्र बमोजिम विज्ञापन नं. ५३९/०७९-८० (खुला), कृषि सेवा, ला. पो. डे. डे. समूह, सतौं तह, पशु विकास अधिकृत पद सिफारिस भई आउनु भएका सुशिल न्यौपानेले नियुक्त तथा पदस्थापनाका लागि यस गाउँपालिकामा दिनु भएको निवेदन अनुसार कर्णाली प्रदेश स्थानीय सेवाको (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५ उपदफा १ बमोजिम निजलाई यस गाउँपालिका अन्तर्गत कृषि सेवा, ला. पो. डे. डे. समूह, सतौं तह, पशु विकास अधिकृत पद नियुक्ति दिई पदस्थापना समेत गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. २: प्रस्ताव नं. २ मा छलफल गर्दा यस गुठिचौर गाउँपालिका अन्तर्गतका तपशिल बमोजिमका स्वास्थ्य संस्थाहरुको भवनहरुको भवन नभएको र भएको संस्थाहरुको भवन जिर्ण अवस्थामा भएकोले उक्त स्वास्थ्य संस्थाहरुबाट प्रवाह गरिने सेवा प्रभावकारी हुन नसकेकोले उक्त सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी बनाउनको लागि भवन निर्माण गर्नुपर्ने भएकोले तहाँ मन्त्रालयबाट तपशिल बमोजिमका स्वास्थ्यचौकीहरुको भवन निर्माणको लागि निम्न बमोजिमको बजेट बिनियोजन गरी आवश्यक सहयोग गरि दिनको लागि अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

| क्र. सं. | स्वास्थ्य संस्थाको नाम | ठेगाना | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | आधारभूत स्वास्थ्य संस्था भवन निर्माण | गुठिचौर ३ जुम्ला | ५०००००० | नयाँ भवन निर्माण |
| २ | आधारभूत स्वास्थ्यचौकी भवन निर्माण | गुठिचौर २ जुम्ला | ५०००००० | नयाँ भवन निर्माण |
| ३ | गर्ज्याङकोट स्वास्थ्यचौकी भवन निर्माण | गुठिचौर ४ जुम्ला | ५०००००० | नयाँ भवन निर्माण |

निर्णय नं. ३: प्रस्ताव नं. ३ मा छलफल गर्दा संघीय सरकार शहरी विकास मन्त्रालयको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत यस गुठिचौर गाउँपालिका जुम्ला अन्तर्गतका धलपुरा सामुदायिक भवन निर्माण गुठिचौर ४ जुम्ला हुनु पर्नेमा भुल बस धलपुरा सामुदायिक भवन निर्माण गुठिचौर ३ जुम्ला भएकोले उक्त योजनाको ठेगाना गुठिचौर ४ जुम्ला कायम गरि दिनको लागि सम्बन्धित मन्त्रालयलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>बैठक संख्याः</u> [illegible]

मिति : २०८१।०३।२६

समय : बिहान ११:०० बजे

स्थान : गुठिचौर गाउँपालिका जुम्ला

माथि उल्लेखित मिति, समय र स्थानमा गुठिचौर गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर बुढा ज्यूको अध्यक्षतामा सदस्यहरूको उपस्थितिमा गुठिचौर गाउँपालिकाको कार्यपालिका बैठक बसी निम्न बमोजिम निर्णयहरु गरियो ।

उपस्थिति

| क.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर बुढा | गाउँपालिका अध्यक्ष | |
| २ | श्री शान्ति कुमारी मल्ल भण्डारी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री अर्जुन कुमार महतारा | वडा नं. १ वडा अध्यक्ष | |
| ४ | श्री हिर बहादुर रोकी | वडा नं. २ वडा अध्यक्ष | |
| ५ | श्री इन्द्र बुढा | वडा नं. ३ वडा अध्यक्ष | |
| ६ | श्री टिकाराम न्यौपाने | वडा नं. ४ वडा अध्यक्ष | |
| ७ | श्री कमल बहादुर महत | वडा नं. ५ वडा अध्यक्ष | |
| ८ | श्री देउराम नेपाली | कार्यपालिका सदस्य | |
| ९ | श्री बसन्ती बुढा | कार्यपालिका सदस्य | |
| १० | श्री गोइन्द्र कामी | कार्यपालिका सदस्य | |
| ११ | श्री धन्सरी कामी | कार्यपालिका सदस्य | |
| १२ | श्री मन्दरूप न्यौपाने | कार्यपालिका सदस्य | |
| १३ | श्री अम्बर राज गिरी | सदस्य सचिव | |
| आमन्त्रित तथा सहयोगी कर्मचारीहरु | | | |
| १ | श्री गंगा प्रसाद पाण्डे | अधिकृत छैटौं | |
| २ | श्री प्रेम बहादुर शाही | कम्प्युटर अपरेटर | |
| ३ | श्री कुनमाया भण्डारी | अ.हे. | |